# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 21 No 7 Monthly International Edition of Herald of His Coming July 2020

वर्ष २१, अङ्क ७ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (साउन, २०७७)


# वचन तरबार हो
## A Word A Sword

Vol 79 No. 1 (937)

**By Charles H. Spurgeon**

"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ र कुनै पनि दुईधारे तरबारभन्दा बढी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।" (हिब्रू ४ : १२)

परमेश्वरको वचन क्रियाशील र शक्तिशाली भनिएको छ। परमेश्वरको वचन जीवित छ। यो एक जीवित पुस्तक हो। यो केवल जीवित मानिसहरूलाई परमेश्वरको आत्माद्वारा अभिषेक गरिदिइएको थियो। पूर्ण रूपमा ती मानिसहरूले परमेश्वरको वचनलाई बुझ्नेछन्। अरु कुनै पनि लेखहरूमा स्वर्गीय जीवन हुँदैन। यसले कुनै किसिमको चमत्कार गर्न सक्दैन तर परमेश्वरको वचनले चमत्कार गर्दछ र यसले पाठकहरूलाई जीवन दिँदछ। त्यसैले यो एक जीवित र अविनाशी बिउ हो। यो आफैंमा उत्तेजित हुन्छ। यो जीवित रहन्छ। यसले जीवित मानिसहरूसँग जीवित शब्दको रूपमा सञ्चार गर्दछ।

के तपाईंले कहिल्यै थाहा पाउनुभयो यसको मतलब के हो ? किन पुस्तकसँग कुस्ती खेल्छ ? किन पुस्तकले मलाई प्रहार गर्छ ? यो पुस्तकले मलाई सान्त्वना दिन्छ। र त्यही पुस्तक ममा मुस्कुराएको छ। त्यही पुस्तक ममा भ्रम भएको छैन। त्यही पुस्तकले मेरो हात समातेको छ। त्यही पुस्तकले मेरो मनलाई न्यानो पारेको छ। त्यही पुस्तक मसँगै रुन्छ। यसले मलाई प्रचार गर्छ। यसले मलाई मार्गदर्शन गर्छ र मेरो गतिविधिहरू समाल्छ। यो मेरो लागि सर्वश्रेष्ठ साथी हो। यो अझै मेरो बिहान र साँझको मञ्च छ। त्यसैले यो एक जीवित पुस्तक हो। यो जीवित छ। यसको पहिलो शब्ददेखि अन्तिम शब्दसम्म यो जीवनशैलीले गरिएको छ। यसले परमेश्वरको हारेका छोराछोरीहरूको लागि अरु लेखनहरूमा पनि प्राथमिकता दिँदछ। परमेश्वरको वचन सधैं ताजा, नयाँ र पूर्ण शक्तिले भरिएको हुन्छ। "किनकि सबै प्राणी घाँस जस्तै हुन् र तिनका सबै गौरव घाँसका भुसजस्ता। घाँस ओइलाउँछन् र फूल झरिहाल्छन्, तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ। अनि तिमीहरूलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो।" (१ पत्रुस १ : २४ - २५) यसको जीवनशक्ति यस्तो छ कि यसले आफ्ना पाठकहरूलाई जीवन प्रदान गर्न सक्छ। तसर्थ, तपाईं जिउँदो हुँदा नै परमेश्वरको वचन पढ्नुहोला। तब मात्र तपाईं धर्मशास्त्रसँग तपाईंको जीवनलाई नियाल्न सक्नुहुन्छ। उदाहरणको लागि लाजरसको जीवनलाई हेर्न सकिन्छ। हाम्रो आत्मा कमजोर र मर्न लागेको हुन्छ त्यो समयमा परमेश्वरको वचनले हाम्रो हृदयलाई नयाँ बनाएर जिउँदो पार्छ।

यो एक गतिशील जीवित वचन हो। म यसबाट खुसी छु किनभने कहिलेकाहीँ म पूरै मरेको महसुस गर्छु तर परमेश्वरको वचन मरेको छैन। , हामी यसमा आइपुगेपछि हामी मरेका मान्छे जस्तै हुन्छौं। "एकपल्ट कति जना इस्राएलीहरूले एउटा लास गाड्दै गर्दा एक्कासि तिनीहरूले एक दल लुटपाट गर्नेहरूलाई देखे। यसैले तिनीहरूले त्यस लासलाई एसिलासको चिहानमा त्यसै फ्याकिराखेर भागे। जब त्यस लासले एलिशाका हड्डीहरू छोयो, तब त्यो मानिस जीवित भएर आफ्नो खुट्टामा

उभियो ।" (२ राजा १३ : २१)

परमेश्वरको वचन जीवित रहन्छ र सदासर्वदा रहन्छ र सबै परिस्थितिमा यो उब्जन्छ र परमेश्वरको महिमाको लागि फल फलाउँछ । जबसम्म परमेश्वर रहिरहनुहुनेछ तबसम्म उहाँको वचन जीवित रहनेछ ।

**परमेश्वर वचन शक्तिशाली छ**

पवित्रशास्त्र शक्तिले भरिएको छ । ओह, परमेश्वरको वचनको महिमा ! मेरो लागि बाइबल परमेश्वर होइन तर यो परमेश्वरको आवाज हो- र म यसमा अचम्म मान्दिन । यस पवित्र वचनलाई प्रकाश गर्नको लागि बोलावट पाउनु कति सम्मानको कुरा हो । तपाईंले मेरो उपदेश पढ्न सक्नुहुन्छ । मेरो भाइ ! तपाईं एक महान् व्यक्तित्व बन्न सक्नुहुन्छ, प्रचारको लागि उच्च प्रकारको तरिका अपनाउन सक्नुहुन्छ अनि मात्र यो प्रभावकारी र शक्तिशाली हुनसक्छ । जुन वचन तपाईं वा मैले प्रचार गर्दछौँ त्यो आफ्नो वचन नभएर परमेश्वरको वचन हुन्छ र यसले मानिसहरूको बीचमा काम गर्न सुरु गर्दछ । जुन वचनले मानिसको प्राणलाई बचाउन सक्छ । सबै थाकेका मानिसहरू परमेश्वरको वचनले शक्तिशाली बन्न सक्छन् । सबै मानिसहरूलाई पाप के हो भनेर बुझाउनु कति शक्तिशाली कुरा हो ।

परमेश्वरको वचन शक्तिशाली र क्रियाशील छ । जब प्राणलाई पापको दोषी ठहराइएको छ यसले सुसमाचारको स्वतन्त्रता ल्याउँदछ । हामीले शैतानको आफ्नै कालकोठरीमा पुरुषहरू बन्द भएको देख्यौ र हामीले उनीहरूलाई स्वतन्त्र पार्ने प्रयास गरेका छौँ । हामीले फलामका बारहरू हल्लाएका छौँ तर अपराधीहरूलाई आफ्नो कब्जामा पारेर बाहिर फाल्न सकेका छैनौँ । यो गर्नको निम्ति परमेश्वरको वचनको सहायताको खाँचो हुन्छ । परमेश्वरको वचनको शक्तिद्वारा मात्र यसलाई टुक्र्याउन सकिन्छ । यसलाई आत्माको दासत्वमा राख्नको निम्ति हामीले परमेश्वरको वचनमा लागिपर्नुपर्छ । परमेश्वरको वचनलाई वास्तविक तरिकाले प्रयोगमा ल्याउनुपर्छ, जसले अन्धकारको शक्तिलाई टुक्रा-टुक्रा पार्न सकिन्छ ।

यो प्रोत्साहन र विस्तारको लागि जीवित र ऊर्जावान् छ । प्रियहरू सुसमाचारले हामीहरूलाई सान्त्वना दिने कस्तो अद्भुत शक्ति छ । यसले हामीलाई सुरुमा खीष्टमा ल्यायो र यसले अझ हामीलाई खीष्टजस्तै नहुन्जेलसम्म खीष्टतिर हेरेर उहाँमा डोऱ्याउँदछ । परमेश्वरको वचन- खीष्टको सुसमाचार, पवित्रतालाई बढवा दिन र त्यो पूरा हृदयले स्थापना गर्ने कार्यमा अत्यन्त शक्तिशाली छ । जुन हाम्रो कर्तव्य र हाम्रो सुअवसर हो । प्रभुले उहाँको वचनलाई हामीमा हरेक असल कामको लागि फल फलाएर उहाँको इच्छा पूरा गर्न सामर्थ्यता प्रमाणित गर्नुहुनेछ । "यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकुन् ।" (एफिसी ५ : २६) जसको मतलब यो हो । वचनले नुहाइदिएर हामी हरेक दिन शुद्ध पारियौँ र प्रभुको अगाडि हिँड्न सकौँ । हाम्रो सिद्धान्तलाई सुन्दर बनाउँदै सबै थोकमा हाम्रा मुक्तिदाता हुनुभयो । त्यसो भए परमेश्वरको वचन हाम्रो आफ्नै व्यक्तिगत अनुभवमा छिटो र शक्तिकाली छ । यदि हामी यसलाई मानिसलाई आशिष दिन प्रयोग गऱ्यौँ भने हामी त्यस्तै हुनेछौ । यदि तपाईं यस दुःखी संसारमा राम्रो गर्न खोज्नुहुन्छ भने सबैभन्दा शक्तिशाली हतियारको साथमा काम गर्न चाहनुहुन्छ भने सुसमाचारको पुस्तकमा लागिरहनुहोस् । परमेश्वरको जीवित वचनले शक्ति र मानव प्रकृतिको मृत्युलाई भेट्न सकिन्छ । मानिसहरूका सबै विचारहरू यथासक्दो प्रयोग गर्नुहोस् तर परमेश्वरको वचनबाट सबै कुरा स्पष्ट धारिलो हतियार बनेर तपाईंको जीवनमा आउँदछ जसले तपाईंको विरुद्धमा खडा हुनेलाई काटिदिन्छ ।

सुसमाचारको बारेमा जब स्वर्गबाट तल ओर्लेको पवित्र आत्माको साथ कुरा गरिएको थियो, त्यहाँ प्रभुत्वमा उही समानता थियो । जब उहाँले सुरुमा उज्यालो होओ भन्दै मूल अन्धकारमा बोल्नुभयो र त्यहाँ उज्यालो भयो परमेश्वरको प्रकाश प्रेममा प्रमाणित भयो । यो जीवन अत्यन्त ऊर्जावान् र प्रभावकारी छ । मानिसहरूको जीवन र हृदयमा शक्तिशाली भएर काम गर्दछ ।

**तरबार जसले छेड्छ र विभाजित गर्छ**

परमेश्वरको वचनले एकदम सीधा रेखा राख्दछ र प्राकृतिक र आध्यात्मिक शारीरिक र ईश्वरीय बीच छुट्याउँछ । परमेश्वरको वचनले हाम्रो हृदयको माझसम्म पुग्दछ । जसले आत्माको गोप्य विचारहरू राख्दछ । यो मनको विचार र आशय जाँच्ने एउटा यन्त्र हो । यदि तपाईंले परमेश्वरको वचन सुनेर प्रचार गर्नुभएन र लुकाइराख्नु भयो भने यसले कुनै किसिमको प्रतिक्रिया दिन सक्दैन । यो त परमेश्वरको वचनको एक चिन्ह हो कि यो मानिसको भित्री हृदयमा रहस्य राख्दछ । वचनले मानिसको भित्र के छ भन्ने देखाउँदछ । जुन कुरा ऊ आफैले पनि सोचेको हुँदैन । वचनद्वारा उसको हृदय खीष्टले देख्नुभएको हुन्छ । "परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा लुकेको हुँदैन । उहाँको नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ ।" (हिब्रू ४ : १३)

परमेश्वरको वचनको शब्दहरूलाई विचार गर्नुभयो भने यो के हो भनेर हेर्ने

मात्र होइन यसले तपाईंको विचारको आलोचना पनि गर्दछ । परमेश्वरको वचनले यो भन्दछ कि सबै कुरा व्यर्थ नै व्यर्थ हो । साँच्ची नै यसलाई नियालेर हेर्दा यो स्वीकारयोग्य छ । यो संसारको सोचाइ स्वार्थी हो तर ख्रीष्ट यसको न्यायकर्ता हुनुहुन्छ ।

**व्यावहारिक पाठ**

मलाई व्यावहारिक पाठको बारेमा केही कुरा गर्न दिनुहोस् जसले हाम्रो जीवनमा सुझावहरू दिँदछ । पहिलो, यो हो ! भाइबहिनीहरू हो, हामीले परमेश्वरको वचनको ठूलो आदर गरौं । यदि हामीले परमेश्वरको वचनको आदर गर्छौं भने हामी यसलाई पढ्छौं, अध्ययन गर्छौं, र परमेश्वरलाई मन पर्ने बन्दछौं र ! उहाँको दाहिने हात हुन्छौं । अब प्रिय मित्रहरू ' जब हामीले आफैलाई आत्मिकी रूपमा मरेको महसुस गर्छौं, विशेष गरी प्रार्थनामा र परमेश्वरको नजिक जाऔं । किनकि उहाँको वचन जीवित छ । जब तपाईंसँग तपाईंको परमेश्वरले तपाईंलाई केही भन्नुहुँदैन, उहाँलाई केही कुरा भन्न दिनुहोस् । उत्तम भक्ति खोज्नेहरूलाई शास्त्रले निजी बनाएको छ जसमा परमेश्वर हामीसँग बोल्नुहुन्छ र प्रार्थनाको आधिभाग हामी परमेश्वरसँग बोल्दछौं । अर्को, जब हामी सबै कर्तव्यहरूमा कमजोर महसुस गर्दछौं, हामी परमेश्वरको वचन र ख्रीष्टको शक्तिमा जाऔं । र यो शक्ति सबैभन्दा राम्रो पक्ष हुन्छ । हाम्रो प्राकृतिक क्षमताहरूको शक्ति, हाम्रो ज्ञानको शक्ति, एकत्रित अनुभवको शक्ति यी सबै व्यर्थ हुन सक्छन् तर परमेश्वरको शक्ति हामीहरूको बीचमा सावित हुन सक्छ । तपाईंको असफल र शक्तिको कुण्डबाट सर्वशक्तिमानको कुवामा आउनुहोस् र त्यहाँबाट पिउनुहोस् र सबै कुरा भाग्नेछन् र थाक्नेछन् । अन्तमा हृदयका विचारहरू र आशयको आलोचक हुनुको अर्थ यो पुस्तकले हाम्रो विचारलाई नै आलोचक बनाएको छ । यदि तपाईंले परमेश्वरको वचनलाई स्वीकार गर्नुहुन्छ भने वचनले पनि तपाईंलाई स्वीकार गर्दछ । यदि तपाईंले आफ्ना साथीहरूको बीचमा परमेश्वरको वचनको प्रशंसा गर्नुभयो तर मानिसहरूको आलोचना गर्नुभयो भने शारीरिक रूपमा तिनहिरू तपाईंको शत्रुहरू हुन सक्छन्, तर परमेश्वर तपाईंको सधैं साथमा हुनुहुनेछ । सम्पूर्ण देश नै तपाईंको विरुद्धमा भए पनि उनीहरू परमेश्वरको विरुद्धमा रहेको हुन्छ । उनीहरूलाई के ठीक के बेठीक भन्ने थहा हुँदैन र उनीहरू गलत बाटोमा रहेका हुन्छन् । तर उनीहरूको गलाती भए तापनि निर्णय गर्ने अधिकार परमेश्वरको वचनलाई छाडिदिनुहोस् । उहाँले नै यो गर्नुहुनेछ ।

जीवित वचनसँग रहौं र परमेश्वर पिताको सुसमाचार र हाम्रो प्रभु येशू ख्रीष्टको सुसमाचार हो र यो बाहेक अरु केही पनि होइन यसले तपाईंलाई बचाउनेछ र तपाईंलाई अरुलाई बचाउने माध्यम बनाउनेछ । परमप्रभु परमेश्वरको प्रशंसा होस् ! आमिन् ।

# छुटकारामा आत्माको काम

## The Spirit's Work in Redemption

**By J.C. Ryle**

हामीले विचार गर्नुपर्ने विशेष बुँदा पवित्र आत्मासँग सम्बन्धित हुन्छ । मानिसको छुटकाराको महान् कार्यको प्रत्येक चरणमा बाइबलले पवित्र आत्मालाई परमेश्वरमा एक महत्वपूर्ण स्थान प्रदान गर्दछ । तपाईंले ख्रीष्टको जन्मको बारेमा के सोच्नुहुन्छ ? तपाईंलाई थाहा छ हामी यसको महत्वलाई बढी अवमूल्यन गर्न सक्दैनौं । हाम्रो प्रभु कन्या मरियमबाट जन्मनुभएको थियो । बाइबलमा यसरी लेखिएको छ, "स्वर्गदूतले तिनलाई जवाफ दिएर भने, पवित्र आत्मा तिमीमा आउनु हुनेछ, र सर्वोच्चका शक्तिको छाप तिमीमाथि पर्नेछ । यसैकारणले जो जन्मनु हुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र कहलाइनु हुनेछ ।" (लूका १ : ३५)

हाम्रा प्रभु येशू ख्रीष्टको शारीरिक सेवकाईको बारेमा तपाईंको धारणा के छ ? हामीलाई थाहा छ कि उहाँ कहिल्यै पनि मर्नु भएन, उहाँ जीवित भएर बाँच्नुभयो, उहाँले जे बोल्नुभयो सत्य बोल्नुभयो । बाइबलमा यसरी लेखिएको छ, "यूहन्नाले यसो भन्दै गवाही दिए, मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें । किनभने जसलाई परमेश्वरले पठाउनुभयो, त्यसले परमेश्वरका वाणी बोल्दछ, किनकि परमेश्वरले विनानाप पवित्र आत्मा दिनुहुन्छ ।" (यूहन्ना १ : ३२; ३ : ३४) र फेरि अर्को ठाउँमा यसरी लेखिएको, "कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो । उहाँले सुकर्म गर्दै र दियाबलशबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो ।" (प्रेरित १० : ३८), "येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनु भयो, र आत्माले उहाँलाई उजाडस्थानमा लैजानुभयो ।" (लूका ४ : १)

क्रूसमा ख्रीष्टको बलिदानको बारेमा तपाईं के सोच्नुहुन्छ ? यसको मूल्य शब्दद्वारा व्यक्त गर्न सक्दैनौं । पावलले गलातीको पुस्तकमा यसरी भनेका छन्, "हाम्रा

प्रभु येशू खीष्टको क्रूस बाहेक अरु कुनै कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखी, र संसार मेरो लेखी क्रूसमा झुण्ड्याइएको छ।" (गलाती ६ : १४) त्यस्तै हिब्रूको पुस्तकमा लेखिएको छ, "खीष्टको रगतले त झन् कति बढी गरी तिमीहरूका विवेकलाई मरेका कामहरूबाट शुद्ध पार्नेछ, ताकि तिमीहरू जीवित परमेश्वरको सेवा गर्न सक। किनकि उहाँले अनन्त आत्माद्वारा आफैंलाई निष्खोट बलिको रूपमा परमेश्वरलाई अर्पण गर्नुभयो।" (हिब्रू ९ : १४)

खीष्टको पुनरुत्थानको बारेमा तपाईं के सोच्नुहुन्छ ? यो उहाँको सबै कामको छाप माथिबाट पिताल लगाएर पठाउनुभएको थियो। जसको कारणले हामी धर्मी ठहरिन सक्यौं। "उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो।" (रोमी ४ : २५) यो लेखिएको छ कि उहाँलाई शरीरमा मारियो तर आत्माले जीवन दियो। "किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन खीष्ट पनि पापहरूका निम्ति सादका लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो - धर्मी जन अधर्मीहरूका निम्ति-तर आत्माद्वारा जीवित पारिनुभयो।" (१ पत्रुस ३ : १८)

खीष्टको स्वर्गारोहणको बारेमा तपाईंको के धारणा छ ? उहाँको चेलाहरूको लागि यो एउटा ठूलो परीक्षा थियो। तिनीहरू शत्रुहरूको बीचमा अनाथजस्तै छोडिएका थिए। येशू खीष्ट क्रूसमा टाँगिनुभन्दा अघिल्लो रात उहाँले चेलाहरूलाई भन्नुभएको थियो अथवा प्रतिज्ञा गर्नुभएको थियो कि 'म मेरो पितालाई प्रार्थना गर्दछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार शान्तिदाता पठाइदिनु हुनेछ। सत्यको आत्मा समेत उहाँले तिमीहरूलाई पठाइदिनुहुनेछ।' "र म पितासँग बिन्ती गर्नेछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ जसलाई संसारले ग्रहण गर्न सक्दैन किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ र उहाँ तिमीहरूमा रहनुहुनेछ।" (यूहन्ना १४ : १६ - १७)

प्रेरितहरूको काम सुसमाचार प्रचार गर्ने बारेमा तपाईं के सोच्नुहुन्छ ? हामी यहुदीभन्दा बाहिरका खीष्टलाई विश्वास गर्नेहरू उहाँको धार्मिक ज्योति र ज्ञानको ऋणी छौं। "तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीरुलाई यस्तो आदेश दिनुभयो, तिमीहरू यरुशलेमबाट कतै नजाओ तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।" "अनि तिनीहरू सबैजना पवित्र आत्माले भरिए र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारण बमोजिम तिनीहरू अन्य भाषामा बोल्न थाले।" (प्रेरित १ : ४, २ : ४)

पवित्र बाइबल धर्मशास्त्रको बारेमा तपाईं के सोच्नुहुन्छ ? तपाईं हामीलाई थाहा छ कि सूर्यबिनाको हाम्रो पृथ्वी र बाइबल बिनाको यस संसार एक सुन्दर प्रतीक मात्र हुनेछ। बाइबलले यसो भन्दछ कि, "किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।" (२ पत्रुस १ : २१) जुन कुरा हामी प्रचार गर्छौं ती कुरा मानिसहरूको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनु भएअनुसार हामी आत्मिक शब्दहरूमा आत्मिक सत्यताहरूको अर्थ खोल्दछौं।" (१ कोरिन्थी २ : १३)

## प्रार्थना गरौं

- संसारभरि फैलिएको कोरोना (कोभिड १९) को प्रकोपबाट छिट्टै मुक्ति पाई विश्व मानवसमाज सामान्य अवस्थामा फर्कन सकेको होस्।
- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस्।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस्।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन्।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस्।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने। (एफिसी ६ : १२)

**नियमित बाइबल पढ्ने बानी बसालौं**

# ख्रीष्टियन सेवाको गतिशीलता

## The Dynamic of All Christian Service

**By Samuel Chadwick (1860 – 1932)**

पवित्र आत्माको वरदान इसाइ धर्मको विशिष्ट विशेषता हो । यो हाम्रो विश्वासकोको आत्मा हो । उहाँको वासस्थानमा उपस्थित सबै इसाइ अनुभवको रहस्य हो । उहाँको शक्तिको स्थायी उर्जामा सबै इसाई सेवाहरू गतिशिल हुन्छ । आत्माको बारेमा प्रतिज्ञाहरूले हामीलाई चुनौति दिन्छन् । विशेष गरेर पेन्तिकोष्टको दिनले, इसा इचर्चको विश्वास गर्छौ ?

पेन्तिकोष्टको आशिष पूर्णताको वरदान हो । हावा र आगोको प्रतीकहरूले उपहारको लक्ष्य र गुण प्रकट गर्दछ तर अत्यावश्यक सत्य यो हो कि सबै उपस्थितहरू पवित्र आत्माले भरिएका थिए । अग्नी, शक्ति, सहास र आनन्दको स्वाभाविक आत्माको पूर्णता उनीहरूको स्रोत थियो । तिनीहरूबाट पोखियो किनकि उनीहरू भरिएका थिए ।

**पूर्णताले भिन्नता ल्याउँछ**

विलियम आर्थरले एउटा अविश्वमरणीय क्षणमा पवित्र आत्माले पूर्णतामा भिन्नता देखाएको याद गर्दछन् । फलामको एउटा टुक्रा कालो र चिसो छ यसलाई निश्चित तापक्रम दिइयो भने तातेर पग्लेर झोल बन्दछ र यसलाई जस्तो आकार दिनुपर्‍यो त्यस्तैमा ढाल्न सकिन्छ । त्यस्तै जब पवित्र आत्माको आगो हाम्रो जिवनमा बग्दछ र हाम्रो शरीर पनि पानी जस्तै तरल पदार्थ बन्दछ । पहिलाको आत्मिक जिवनको आकार र पवित्र आत्मा पाए पछिको आत्मिकि जिवनको आकार पूर्ण रूपमा फरक भएको हुन्छ । तातो बिनाको पानी ठोस बन्छ, हल्का तातो दिने बित्तिक्कै यो बग्न थाल्छ । त्यसलाई थोरै तातो थपिदियो भने वाफ भएर आकाशमा उड्न थाल्छ । जसरी तातोको कारणले पानीको रूप परिवर्तन हुन्छ त्यसरी नै हाम्रो जीवनमा पनि पवित्र आत्माको शक्तिले रूप परिवर्तन गरिदिन्छ । पवित्र आत्मा विनाको जिवन एउटा ख्रीष्टियनको लागि निर्जिव प्राणी जस्तै हो । उसको जिवनमा कुनै पनि कुराले परिवर्तन ल्याउन सक्दैन । मानिसको जीवनमा पवित्र आत्माले पूर्ण रूपमा परिवर्तन ल्याउन सक्नु हुन्छ ।

आशिषले सम्पूर्ण प्राणीलाई असर गर्छ । पवित्र आत्माले माथिल्लो कोठामा प्रतिक्षा गरिरहेको चेलाहरूसँग आफै ओर्लेर आउनुभयो र उनीहरूलाई पहिराइदिनुभयो । तिनीहरूले उहाँमा पवित्र आत्माको वस्त्र धारण गरि आत्मिकि अभिव्यक्ति कार्यन्वयन गरे भ्रम बिना, अन्तरनिहित गुणहरूको परिवर्तन बिना, व्यक्तिगत क्षेति बिना, आपसमा विनियोजन र संचालनको एकतामा अघि बढ्दै गए । यसका असरहरू प्रेरित हरूमा पेन्तिकोष्टको दिनमा देखा परेको थियो । विशेष रूपमा यो अनुभव प्रतिज्ञासँग मिल्दो जुल्दो छ । येशूले भन्नुभएको थियो कि आत्माको आगमनले ज्ञानलाई पूर्णता दिन्छ । त्यस दिन तिमीहरूले जान्नेछौ जुन कुरा उहाँले सिकाउन सक्नुहुन्थ्यो, त्यही सत्यको आत्मा हामीहरूको विचमा आएको हो भनि पूर्ण निश्चित भई उहाँलाई धन्यवाद देओ । पन्तिकोष्टको दिनमा उनिहरूले सिकाएको ज्ञान र निश्चितता बाहेक अरु केहि अचम्मका कुरा थिएनन् । भविष्यवाणी, नया भाषाको अर्थको साथमा चम्किएका थिए र ख्रीष्टको मृत्यु पुनरुत्थानको तथ्यहरू परमेश्वरको अनन्त उदेश्यको आधारमा व्याख्या गरेका थिए । परमेश्वरको वचन नया भयो र ख्रीष्टको शिक्षा र सेवाकाइको इतिहासले नयाँ अर्थ पायो । चेलाहरू र पेन्तिकोष्टको दिन देखि पूर्ण रूपमा परिवर्तन भइ पवित्र आत्माको ज्योतिमा धर्मशास्त्रहरू ज्योतिमय बनाइएको थियो । तिनीहरूको चरित्र परिवर्तन ज्ञान परिवर्तन भन्दा बढी थियो । सुसमाचारका पुस्तकहरूले यि मानिसहरूलाई गर्व र स्वार्थी व्यक्तिको रूपमा चित्रण गर्दछ, तर प्रेरितको पहिलो पुस्तकले अर्कै कथा बताउँदछ ।

पुनरुत्थानले ती सबै यहूदिहरूको डरले बन्द ढोका पछाडि कापिरहेको पाए, तर पेन्टिकोष्टको दिनमा उनिहरूले येशूको खुलमखुल्ला प्रचार गर्दै थिए । उनको मृत्यु शासकहरूलाई आरोप लगाइरहेका थिए । पिन्तिकोस्टले तिनीहरूलाई ठूलो परिवर्तन गरेको थियो । र, पूर्ण रूपमा निडर प्रफूल्ल तरिकाबाट खुसी साथ रमाहट गर्दै कमजोरीको

विचमा शक्तिको घोषणा गर्दै परमेश्वरको वचन प्रचार गरे । त्यसैले पेन्तिकोष्टको दिनको ठूलो शक्ति छ ।

**हामी कसरी मापन गर्छौ ?**

चुनौतीले हामीलाई कसरी फेला पार्दछ ? के हामी पेन्टिकोष्टको पूर्णताको मापदण्ड मापन गर्छौ ? हाम्रो स्वर्गीय चिजहरूको आश्वासनबारे के भन्न सकिन्छ नि ? त्यहाँ अनिश्चितताको अन्त हुन्छ जब पेन्तिकोष्टको पूर्णता थाहा हुन्छ ।

**के हामीमा पापमाथी अधिकार छ ?**

सत्यको आत्मा पवित्रताको आत्मा हो । उहाँ सत्यमा पवित्र हुनुहुन्छ । पेन्तिकोष्टको दिन शारीरिक विचारलाई आत्मिक दर्शन, गर्वलाई नम्रता, स्वार्थलाई प्रेममा र कायरतालाई साहसमा परिवर्तन भयो । यसले दुःखलाई परिवर्तन गरेर जीवन परिवर्तन भयो । विजय पूर्णताद्वारा आउछ । के हामीमा पापमाथि विजयी गर्ने शक्ति छ ? के इसाईहरूको आत्मा असल चरित्रले भरिएको छ ? कि संसारको प्रेमले भरिएको छ ? येशूले भन्नुभयो, "उहाँ सत्यका आत्मा हुनुहुन्छ जसलाई संसारले ग्रहण गर्न सक्दैन किनभने संसारले उहाँलाई न त देख्छ न त चिन्छ । तिमीहरू उहाँलाई चिन्दछौ किनभने उहाँ तिमीहरू सँग वास गर्नुहुन्छ र उहाँ तिमीहरूमा रहनुहुनेछ ।" (यूहन्ना १४ : १७)

यदि विश्वासीहरू आत्माले भरिएका भए उनीहरूले संसारको फोहोरहरू र कालो कर्तुतलाई चिन्नसक्ने थिए । र, परमेश्वरको नजिकतामा रहने थिए ।

**सेवाको लागि शक्तिको बारेमा के त ?**

के हाम्रो कमजोरीको कारणले आत्मिकी कठिनाई आएको त छैन ? हरेक सेवकहरूले उनिहरूको सेवाको विशाल कार्यको कारणले र उनिहरूको चतुराइले सबैलाई नजिकबाट सोच्न बाध्य त बनाएको छैन ? मानिसको जिवनमा चर्चले कस्तो प्रभाव पारेको छ ? के यसले पापको किल्लाहरू भाच्न सकेको छ ? उनीहरूको जीवनको रूपान्तरणमा कस्तो प्रभाव भएको देखिन्छ ? पेन्तिकोष्टको दिनले मण्डली इतिहास पूर्ण रूपले विश्वास, रूपान्तरण र बप्तिस्मा ल्यायो । आत्माको वरदान शक्तिको वरदान हो र शक्तिको प्रभाव उहाँको वासस्थानमा पूर्ण रूपले भएन भने मानिसहरू रित्तो हुन्छन् (लुका २४: ४९, प्रेरित १:८) । प्रसस्त आनन्द पूर्ण गवाही र आत्मिकी जिवनको बलिदानको साक्षी भयो ।

**सुख्खा जमीनमा बाचाको वाणी**

पेन्टिकोष्टको पूर्णताको आषिश मण्डलीको लागि एउटा ठूलो नभइ नहुने थोक हो किनकी जहाँ पवित्र आत्माको काम हुँदैन त्यहाँ एउटा सुख्खा मरुभूमि जस्तै भएको हुन्छ । परमेश्वरको वचनले यसरी भन्दछ, "किनकि म सूकेको जमिनमा पानी र सुख्खा भूमिमा खोलाहरू खनाइदिनेछु । म तेरो वंशमाथि मेरो आत्मा खनाउनेछु र तेरो सन्तानलाई आषिश दिनेछु ।" (यशैया ४४:३) जब परमेश्वरको आत्माको बाढी आउनेछ सबै फोहोरहरू हटाउने छ, सबै सुख्खा खाडलहरू पुरिने छ र सबै मरुभूमिलाई उर्वरा पार्नेछ । परमेश्वरको काम आत्माको पूर्णता विना पूरा गर्न सकिदैन र जहिले पनि परमेश्वरले उहासँग पवित्र आत्मा माग्नेहरूलाई प्रशस्त मात्रामा दिनुहुन्छ । "अब चाडको पछिल्लो दिन अर्थात चाडको प्रमुख दिनमा उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार त्यसको मन्तस्करणबाट जिउँदो पानीका खोलहरू बगि निस्कनेछन् । तर यो कुरो उनले पवित्र आत्माको विषयमा भन्नु भएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्न गर्न लागेका थिए । किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन किनभने येशूको महिमा अझसम्म भएको थिएन ।" (यूहन्ना ७: ३७ - ३९)

"उहाँ कुनै एक ठाउमा प्रार्थना गरिरहनु भएको थियो । उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाए झै हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस । ... म तिमीहरूलाई भन्दछु माग त तिमीहरूलाई दिइने छ । खोज त तिमीहरूले भेटाउनेछौ । ढक ढकक्याओ त तिमीहरूको निम्ति खोलिने छ । किनकि हरेक जसले माग्छ त्यसले पाउछ, जसले खोज्छ त्यसले खोलिने छ । र जसले ढकढक्याउछ त्यसको निम्ति खोलिने छ । तिमीहरूमध्ये कुन चाहिँ बुबा होला जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा सट्टा सर्प देला ? अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला ? तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ ।" (लूका ११: १ - १३)

प्रत्येक व्यक्ति पवित्र आत्माले भरिएको हुनुपर्दछ र सबै काममा आत्माद्वारा अविशेक भएर उहाँको इच्छा अनुसार अगाडि बढ्नु पर्छ । आषिश सबै मानिसहरूको लागि हो । कहिले काहि परमेश्वरको आषिश मानिसहरूले थाहा पाउन सक्दैनन् । र उनीहरू आफ्नो इच्छामा चल्दछन् । तर परमेश्वरको वचनले यसरी भन्दछ, "दाखमद्ययले नमातिओ कारण त्यो विलाषीता हो तर पवित्र आत्माले भरि पूर्ण होओ ।" (एफिसी ५ : १८) परमेश्वरको साधारण मानिसलाई परमेश्वरको असाधारण शक्तिले भर्ने पर्खाइमा रहेकालाई पूर्ण रूपमा भरिदिनु हुन्छ । खीष्टका चेला पत्रुस यूहन्ना र याकूवलाई हामीले देख्न सक्छौ । पवित्र आत्मा आउनु अगाडिको जीवन उनीहरूले आफ्ना सबै कुरा खीष्टको निम्ति छोडेका थिए । उनीहरूले प्रभु येशू खीष्ट माथी विश्वास गरेर उहाँको मृत्यु र उहाँको पुनरुत्थानको गवाही भएका थिए । तर उनीहरू पवित्र आत्मा विनाका भण्डारेहरू मात्र थिए । उनीहरूले जति काम गरेपनि पवित्र आत्माको शक्ति विना गरेका थिए । जब उनीहरूले पवित्र आत्माले भरिए र आत्माद्वारा वचन सुने उनीहरूको आफैले प्रार्थना गर्न लागे परमेश्वरको वचन अनुसार आत्मा आउनु भयो र तिनीहरू भरिए । (लुका २४ : ४८ - ५२)

---

# खीष्ट येशूका आज्ञाहरू

**विश्वास सम्बन्धमा**

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना, १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर, मकूर्श ११ : २४

**नयाँ जन्मको सम्बन्धमा**

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

**पवित्र आत्मा पाउने सम्बन्धमा**

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ, यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

**येशूको पछि लाग्ने सम्बन्धमा**

- मलाई पच्छ्याउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्भनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

**प्रार्थना सम्बन्धमा**

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**